# बुढीगंगा गाउँपालिका, मोरङ

## स्थानीय राजपत्र

खण्डः १० संख्याः७ मितिः २०८३ साल ०३ महिना १९ गते

**भाग-१**

**बुढीगंगा गाउँपालिकाको विनियोजन ऐन, २०८३**


## बुढीगंगा गाउँपालिका

नेपालको संविधान र प्रचलित कानून बमोजिम बुढीगंगा गाउँपालिका गाउँसभाले बनाएको तल लेखीए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८३ सालको ऐन नम्बर- १

## बुढीगंगा गाउँपालिकाको विनियोजन ऐन, २०८३

गाउँसभाबाट पारित मितिः २०८३/०३/११

प्रमाणीकरण मितिः २०८३/०३/१८

**प्रस्तावना :** बुढीगंगा गाउँपालिका, मोरङको आर्थिक बर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप—धारा (२) बमोजिम बुढीगंगा गाउँपालिका, मोरङको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “बुढीगंगा गाउँपालिकाको विनियोजन ऐन,” रहेको छ ।

(२) यो ऐन २०८३ साउन १ गते देखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८३/८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ७४,८५,७४,०००/- (अक्षेरुपी रुपैयाँ चौरहत्तर करोड पचासी

लाख चौरहत्तर हजार मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

(२) सामाजिक सुरक्षा वापत तथा अन्तर सरकारी अख्तियारीबाट संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्तहुने रकम तथा संघीय सरकार, प्रदेश सरकार तथा अन्य कुनै स्रोतबाट थप रकम प्राप्त भई योजना तथा कार्यक्रम सञ्चालन हुने भएमा यसै ऐन मार्फत भएको मानिने छ । तथा कार्यक्रम र अनुदान प्राप्त भएका मितिबाट सञ्चालन गर्न बाधा पर्ने छैन ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधिनमा रही आर्थिक वर्ष २०८३/८४ को लागी खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

३. **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को निमित्त बुढीगंगा गाउँपालिका, मोरङको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

४. **योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था** (१) यस ऐन मार्फत विनियोजन भएका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन साथै अन्य प्रचलित ऐन, नियमावली, परिपत्र, निर्देशन पालना गरी गर्नुपर्ने छ ।

(२) यस ऐन मार्फत विनियोजन भएका योजना तथा कार्यक्रमहरु सम्बन्धित शाखा तथा वडा समितिले आवश्यकता तथा उपभोक्ताको मागका आधारमा सञ्चालन गर्न बाधा पर्ने छैन ।

(३) खर्च संकेत नं. २८९११ र ३१५११ मा विनियोजन भएको रकम प्रमूख प्रशासकीय अधिकृत तथा अध्यक्ष ज्यूको सिफारिसमा कार्यपालिकाबाट स्वीकृत गरी खर्च गर्न बाधा पर्ने छैन ।

**५. लेखाङ्कन प्रतिवेदन तथा आन्तरिक लेखा परीक्षण सम्बन्धी व्यवस्था** (१) यस ऐन बमोजिम विनियोजन भएका कार्यक्रम तथा योजना सञ्चालनको विवरण कानूनले तोके बमोजिमका ढाँचामा राखि सम्पन्न पश्चात प्रचलित ऐन, नियम तथा कानून बमोजिम लेखाङ्कन, भुक्तानि, प्रतिवेदन र आन्तरिक तथा अन्तिम लेखा परीक्षण गर्नु पर्नेछ ।

# अनूसूची १

(दफा २ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूजिगत खर्च | वित्तीय व्यवस्था खर्च | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ५१,४२,२६,०००/- | २३,४३,४८,०००/- | | ७४,८५,७४,०००/- |

आज्ञाले

प्रयाश भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

स्थाः बुढीगंगा गाउँपालिका २०७३